# नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेडको

## विशेष साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७९/१२/२५ गते)**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस वित्तीय संस्थाको संचालक समितिको मिति २०७९/१२/२४ मा बसेको ३१०औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको विशेष साधारणसभा निम्न मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णयका लागि बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**विशेष साधारण सभा बस्ने :**

**मिति** : २०८०/०१/१० गते आइतवार (तदनुसार अप्रिल २३, २०२३)

**समय** : बिहान ११ : ०० बजे ।

**स्थान** : विराटनगर महानगरपालिका वडा नं. २, उद्योग संगठन मोरङ्गको सभाहल, मोरङ्ग ।

**छलफलका विषयहरु :**

**(क) विशेष प्रस्तावहरु :**

१. "नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड" र "मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड" एक आपसमा गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।

२. "नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड" र "मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड" एक आपसमा गाभिए (मर्ज) पश्चात बन्ने संस्थाको नाम "नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड" र अंग्रेजीमा "Nerude Mirmire Laghubitta Bittiya Sanstha Limited" कायम गरि सो नामबाट कारोबार गर्ने साथै कम्पनीको रजिष्टर्ड कार्यालय काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका वडा नं. १३ मा र कर्पोरेट कार्यालय काठमाडौं उपत्यका भित्र काठमाडौं र ललितपुर महानगरपालिका बाहिर रहने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

३. "नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड" र "मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड" एक आपसमा गाभ्ने गाभिने (मर्जर) प्रयोजनको लागि मुल्याङ्कनकर्ताबाट प्राप्त चल-अचल सम्पत्ति तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit-DDA) को आधारमा निर्धारण गरिएको शेयर स्वाप अनुपात (Share Swap Ratio) १:१ स्वीकृत गर्ने सम्बन्धमा ।

४. "नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड" र "मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड" एक आपसमा गाभ्ने गाभिने (मर्जर) प्रयोजनको लागि भएको मर्जर सम्बन्धी समझदारी पत्र (MOU), संयुक्त मर्जर समिति गठन, दुवै संस्थाको सम्पत्ति तथा दायित्व मूल्याङ्कन (DDA) गर्न संयुक्त मर्जर समितिबाट गरिएको लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिकका सम्बन्धमा भएको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।

५. "नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड" र "मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड" एक आपसमा गाभिए (मर्ज) पछिको "नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड" को अर्को साधारणसभा नभएसम्मको लागि यस कम्पनीबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकहरुको मनोनयनलाई अनुमोदन गर्ने सम्बन्धमा ।

६. नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड र मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा गरिएको अन्तिम सम्झौता पत्र स्वीकृत गर्ने, मर्जर सम्बन्धी बाँकी कार्य र आवश्यक प्रकृयाहरु पूरा गरि मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडसंग मर्जरको लागि अन्तिम स्वीकृति प्रदान गर्ने तथा मर्जर सम्बन्धमा गठित संयुक्त मर्जर समिति र संचालक समितिले गरेका निर्णय एवम् सो सम्बन्धमा भएका काम कारवाही र खर्चहरुका साथै अन्तिम सम्झौतापत्र लगायतका सम्पूर्ण काम कारवाहीहरुलाई अनुमोदन गर्ने सम्बन्धमा ।

७. "नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड" र "मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड" एक आपसमा गाभिए (मर्ज) पछि सो सम्बन्धी सम्झौतापत्र अनुसार कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने साथै प्रबन्धपत्र तथा नियमावलीको सम्बन्धित दफाहरुमा आवश्यक संशोधन गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

८. "नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड" र "मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड" एक आपसमा गाभ्ने गाभिने (मर्जर) सम्बन्धी सम्झौता बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र विशेष साधारण सभाबाट पारित प्रस्तावहरु तथा सभाको अन्य निर्णयहरु कार्यान्वयन गर्ने सम्बन्धमा नियमनकारी निकायमा निवेदन दिने लगायत गाभ्ने गाभिने कार्यसंग सम्बन्धित प्रचलित कानून, नीति नियम, निर्देशिकाहरु बमोजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण कार्यहरु सम्पन्न गर्ने सिलसिलामा नेपाल राष्ट्र बैंक वा अन्य नियामक निकायबाट कुनै विषयमा थपघट, फेरबदल वा संशोधन गर्न कुनै निर्देशन दिएमा सो समेत मिलाई संशोधन गर्न तथा मर्जर सम्बन्धमा गर्नुपर्ने बाँकी सम्पूर्ण कार्यहरु गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**(ख) विविध ।**

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**द्रष्टव्य :**

यस विशेष साधारणसभा प्रयोजनको लागि मिति २०८०/०१/०३ गते एक दिन यस वित्तीय संस्थाको शेयर दाखिला खारेज दर्ता बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०१/०२ गते सम्म कारोबार भई प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री आरबिबि मर्चेण्ट बैंकिङ्ग लिमिटेड टेकु, काठमाडौंमा रहेको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरु सो सभामा भाग लिन योग्य हुनुहुनेछ ।

**विशेष साधारणसभा सम्बन्धी थप संक्षिप्त जानकारी :**

(क) विशेष साधारणसभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र, हितग्राही नम्बर वा परिचय खुल्ने कुनै प्रमाणपत्र अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ । संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारिक पत्र अनिवार्य पेश गर्नुपर्नेछ ।

(ख) सभामा भाग लिन वा मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले कम्पनीले तोकेको ढाँचामा निवेदन दिई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नुहुनेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्ति निवेदन यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयबाट उपलब्ध गराइने छ । साथै वित्तीय संस्थाको वेबसाइट www.nerude.org.np बाट पनि डाउनलोड गर्न सकिने छ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन मिति २०८०/०१/०८ गते बिहान ११:०० बजे (अर्थात सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै) यस संस्थाको केन्द्रीय कार्यालय विराटनगरमा दर्ता गराई सक्नुपर्नेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि पनि आफैं साधारणसभामा भाग लिन चाहनुहुने शेयरधनी महानुभावहरुले साधारणसभा शुरु हुनुभन्दा अगाडि लिखित निवेदन दिई प्रतिनिधिको नियुक्ति बदर गर्न सक्नुहुनेछ । तर एक जना शेयरधनीले एक जनाभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा सबै नियुक्ति बदर हुनेछ ।

(ग) विशेष साधारण सभामा शेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिका सभा हुने दिन बिहान ९:०० बजे देखि सभा विसर्जन नहुन्जेलसम्म खुल्ला रहनेछ ।

(घ) नाबालक तथा विशेष शारिरिक अवस्था भएका शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता किताबमा उल्लेखित) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्ति गर्न र मत दिन समेत सक्नेछन् । शेयरधनीको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

(ङ) शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन् ।

(च) कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्था सम्बन्धमा केहि जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनुभन्दा कम्तिमा ३ दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पठाउनहुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

(छ) अन्य विस्तृत जानकारीका लागी वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ ।

(ज) अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछन् ।

(झ) सम्पर्कका लागि फोन नं.-०२१-४६३०३२/४६२१०१ (कार्यालय समय भित्र), ९८५११२२४०५, ९८४२२४२४९० (कार्यालय समय बाहेक) ।

(ञ) e-mail: info @nerude.org.np

(ट) Website: www.nerude.org.np


**नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड**
**NERUDE LAGHUBITTA BITTIYA SANSTHA LTD.**
(नेपाल राष्ट्रबैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)
केन्द्रीय कार्यालय, बिराटनगर-३, मोरङ्ग, बलराम-भूपी मार्ग
फोन नं. : ०२१४६२१०१/४६३०३२
Website : www.nerude.org.np, E-mail : nerude@wlink.com.np